आर्थिक बर्ष २०७६/०७७ को लागि मुसिकोट नगरपालिकाको नीति तथा कार्यक्रम

**“शिक्षा, स्वास्थ्य, रोजगारका लागि पूर्वाधार ।**
**सुशासनयुक्त वैज्ञानीक समाजवादको आधार ॥”**

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

**नगर प्रमुख देवीलाल गौतमद्धारा**
**पांचौ नगर सभामा प्रस्तुत नीति तथा कार्यक्रम**
**(मिति २०७६/०३/१० )**

**यस नगरसभाका प्रमूख अतिथि एवंम् जिल्ला समन्वय समिति रुकुम पश्चिमका प्रमूख ज्यू,**
**अतिथि प्रमूख जिल्ला अधिकारी ज्यू,**
**नगर सभाका सदस्य ज्यूहरु,**

मुसिकोट नगरपालिकाको सम्मानित नगर सभा समक्ष नगर कार्यपालिकाको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्दित अनुभुति गरिरहेको छु। मुसिकोट नगरपालिकालाई आत्मनिर्भर, समाजवाद उन्मुख समृद्ध नगर वनाउने साझा लक्ष्य तर्फ यस नीति तथा कार्यक्रम केन्द्रित रहेको कुरा उल्लेख गर्न चाहन्छु ।

आजको यस ऐतिहासिक पाचौं नगर सभामा नगर सरकारको तर्फबाट यो गरिमामय सभामा नगर प्रमुखको हैसियतले नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु । यस महत्वपूर्ण अवसरमा मुलुकमा लोकतन्त्रको वहाली, नागरिकका मौलिक हक तथा अधिकारको पूर्ण उपभोग तथा समाजको आमूल परिवर्तनको लागि महत्वपूर्ण भुमिका खेल्नु हुने महान जनयुद्ध र जनआन्दोलन लगायतका विभिन्न संघर्ष तथा आन्दोलनहरुमा आफ्नो जीबन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात-अज्ञात बीर शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते र बेपत्ता योद्धाहरुप्रति सम्मान प्रकट गर्दछु र राजनैतिक तथा सामाजिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्बाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु ।

नेपालको संविधान २०७२ ले नेपाललाई संघिय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकको रुपमा परिभाषित गरेसँगै नेपालको इतिहासमा नेपाली जनता सबैभन्दा बढि अधिकार सम्पन्न हुनको लागि मार्ग प्रशस्त भएको छ। वि.स. २०७४ सालमा भएको स्थानीय तहको निर्वाचनबाट स्थानीय तहमा जनप्रतिनिधीहरु चयन भई स्थानीय सरकारको रुपमा नागरिकहरुलाई स्थानीय तहवाटै सेवा प्रवाहको काम संचालन गरिएको छ। राज्यबाट जनताले प्राप्त गर्ने सेवा तथा सुविधाहरु स्थानीय समुदायलाई प्रवाह गर्ने कार्य मात्र नभई स्थानीय रुपमा विकास निर्माणका सम्पुर्ण काम कारवाहीहरु संचालन तथा नियमन गर्ने जिम्मेवारी समेत स्थानीय सरकारलाई रहेको छ । संघीयता शासन प्रणालीको अभ्यास हाम्रो लागि नौलो भएकाले सिक्दै, सिकेका कुरा प्रयोग गर्दै हामी अगाडी वढीरहेका छौं। यस सन्दर्भमा नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेका अधिकारका सूचीमा आधारीत रही स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएका कार्यकारिणी आधिकार सम्वन्धमा गरेका व्यवस्थाहरुलाई पालना गर्दै मुसिकोट नगरपालिकाले कार्य सम्पादन गरिरहेको छ । स्थानीय तह, स्थानीय स्तरमा विकास निर्माण कार्यहरु संचालन गर्ने सबै भन्दा भरपर्दो निकाय भएको कारणले

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

गर्दा आम नागरिकको अभिभावकत्व प्रदान गर्नु स्थानीय सरकारको मुख्य जिम्मेवारी हुन आएको छ । नगरपालिकालाई समृद्धीको बाटोमा डोऱ्याउनको लागि मुसिकोट नगरपालिकाको एकिकृत गुरुयोजना समेत तयार भैसकेको छ । गुरु योजना बमोजिम नगरपालिकाले नगरको विकासको सुनौलो भविश्य निर्माणका लागि गुरुयोजनाको आधारमा महत्वपूर्ण कार्यक्रमहरुलाई प्राथमीकताको आधारमा अगाडी वढाइएको छ ।

मुसिकोट नगरपालिका पूर्वमा सिस्ने र भुमे गाउँपालिका, पश्चिममा सानीभेरी गाउँपलिका, उत्तरमा वाँफीकोट गाउँपालिका र दक्षिणमा त्रिवेणी गाउँपालिका र रोल्पा जिल्लाको बीचमा रहेको यस मुसिकोट नगरपालिका १३६.०६ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । मुसिकोट नगरपालिकाको जनसंख्या १७,३५४ महिला र १७,९९४ पुरुष गरी जम्मा ३५,३४८ रहेको छ । यस नगरपालिका प्राकृतिक, साँस्कृतिक, धार्मिक सम्पदाहरुबाट सुसज्जित रहेको छ । यो नगरपालिका सानीभेरी नदी, डिग्रे शाइकुमारी मन्दिर, मुसिकोट दरवार, साँख दह, तीनबहिनी लेख, धागेछहरी, रातापहर भोटेगुफा, सल्ले सिद्ध गुफा, लोकभिर गुरिल्ला सुरुङ्ग मार्ग लगायतका पर्यटकीय स्थानहरुले भरिपूर्ण रहेको छ ।

परिवर्तित सन्दर्भमा आफुलाई तोकिएको जिम्मेवारी पुरा गर्न यस सुन्दर नगरी मुसिकोट नगरपालिकाका सबै जनसंख्या तथा समुदायहरुलाई समृद्धीको बाटोमा अघि बढाउने सपनाको साथ संघियता पछिको तेस्रो आर्थिक वर्षको बजेट र नीति तथा कार्यक्रमहरु तर्जुमा गर्दै यस नगरपालिकाको पाचौं नगरसभा सम्पन्न गर्ने प्रक्रियामा रहेका छौं । संघीयताको अभ्यासको विगत दुई वर्षको यात्रामा आज स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफै संलग्न हुने वाताबरण बनेको छ । अबको समयलाई आर्थिक र सामाजिक रुपान्तरणको रुपमा उपयोग गरी सम्पूर्ण नगरबासीको जनचाहना अनुरुप मुसिकोट नगरपालिकाको तिव्र आर्थिक विकास गर्नु आजको अपरिहार्य आवश्यक्ता हो । आत्म निर्भर र स्वाधिन अर्थतन्त्र निर्माण गर्न स्वस्थ प्रतिस्पर्धात्मक अर्थ व्यबस्था हाम्रो प्रस्थान बिन्दु हो । खुल्ला तथा समाजबाद उन्मुख अर्थतन्त्र हाम्रो गन्तव्य हो ।

**उपस्थित सम्पुर्ण नगर सभा सदस्य ज्युहरु !**

स्थानीय सरकार संचालनको विगत दुई वर्षको अनुभवबाट प्राप्त सिकाइहरुलाई आत्मसाथ गर्दै, नगरवासीहरुलाई राजनैतिक क्रान्तिपछि सामाजिक तथा आर्थिक क्रान्तिको समेत महशुस गराउने लक्ष्यका साथ शिक्षा, स्वास्थ्य, पूर्वाधार, आर्थिक विकास, रोजगार जस्ता जनताका सबैभन्दा बढी पेचिला मागहरुलाई प्रमुख गन्तब्य बनाइ यस मुसिकोट नगरपालिकाको नगर सरकारको तर्फबाट माथी उल्लेखित चुनौतीहरुलाई सामना गर्न आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रमहरु प्रस्ताव प्रस्तुत गर्नको लागि यस सभा मार्फत अनुमति चाहन्छु ।

**<u>भु उपयोग नीति :</u>**

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

**"जमिन नै जननी हुन, जमिनको प्रयोगबाट नै समृद्धीको बाटोमा जान सकिन्छ"** भन्ने मुल मान्यताको साथ मुसिकोट नगरपालिकाले भु-उपयोग सम्बन्धि नीति तथा कार्यक्रम ल्याएको छ ।

१. नगरको सम्पुर्ण क्षेत्रलाई कृषि क्षेत्र, वन क्षेत्र, आवासिय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, र साँस्कृतिक तथा पर्यटकिय क्षेत्र, एवं सार्वजनिक तथा खुल्ला क्षेत्र, निर्माण समाग्री उत्खनन् क्षेत्र र खोला तथा नदीको तटीय क्षेत्र गरी जम्मा ९ वटा भु-उपयोग क्षेत्रमा विभाजन गरी यसको संरक्षण, उपयोग र व्यवस्थापन गरिनेछ ।
२. उल्लेखित भु-उपयोग क्षेत्रलाई समन्वय गरी यथाशिघ्र कित्तामा आधारित भु-उपयोग प्रणालीमा परिणत गरिने छ ।
३. नगरको समृद्धीको मुख्य आधार कृषि प्रणाली भएको कारणले नगरपालिकाको कुल क्षेत्रको कम्तिमा पनि ३० प्रतिशत क्षेत्रफल कृषि क्षेत्रको रुपमा कायम गरिनेछ ।
४. भु-उपयोग प्रणालीमा आधारित रहेर कार्यक्रम, व्यवसाय, क्रियाकलाप संचालन गर्ने व्यवसायी र उद्योगीहरुलाई थप प्रोत्साहन गरिनेछ ।
५. जमिनको व्यवसायिक उपयोग गर्ने व्यक्तिहरुलाई प्रोत्साहन गरिनेछ भने जमिनको सदुपयोग नगर्ने व्यक्ति तथा जग्गाधनीहरुलाई निरुत्साहन गरिनुका साथै दण्ड सजाय गर्ने नीति लागु गरिने छ ।
६. नगर क्षेत्रभित्र रहेका खुल्ला चौर, विद्यालय, खेलमैदान, सल्ले विमानस्थल लगायतका क्षेत्रहरुलाई सार्वजनिक खुल्ला क्षेत्रको रुपमा समेत पहिचान गरिएको छ । उक्त क्षेत्रहरुलाई विपदको समय लगायत अन्य आवश्यक पर्दाका समयमा समेत उपयोग गर्ने गरी व्यवस्थापन गरिनेछ ।
७. भेरी नदी तथा तटिय क्षेत्रहरुलाई निर्माण सामाग्री उत्खनन् क्षेत्रको रुपमा पहिचान गरी मुसिकोट नगरपालिका र वाहिरको क्षेत्रमा समेत निर्माण सामाग्रीहरुको समुचित उपयोग गरि नगरपालिकाको राजश्वमा वृद्धी गर्ने र यस क्षेत्रको आर्थिक समृद्धीमा जोडिने छ । यसको लागि वातावरणीय प्रभावको मुल्यांकनका आधारमा उत्खनन् स्थल र परिमाण तय गरिनेछ ।
८. मुसिकोट नगरपालिकाभित्र बन्ने सबै भवनहरुको लागि मुसिकोट नगरपालिकाको भवन आचारसंहिता बमोजिम मात्र नक्सा पास गरिनेछ । भु-उपयोगका अन्य कार्यहरु भु-उपयोग गुरुयोजनामा उल्लेख भए बमोजिम हुनेछन ।
९. विगतको दशवर्षे जनयुद्धको समयमा तत्कालीन जनसरकारवाट रजिष्ट्रशन पास भएका घर जग्गा हाल समस्याग्रस्त रुपमा रहेका जग्गाहरुको कानूनी मान्यता प्रदान गर्न वा समुचित आर्थिक सहयोग अनुदानको रुपमा उपलव्ध गराई सहयोग गर्न कर्णाली प्रदेश सरकार तथा नेपाल सरकार समक्षा पुनः अनुरोध गरिनेछ ।

**ख) आर्थिक विकास :** कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी र वित्तिय ।

**कृषि**

१०. उत्पादित कृषिजन्य वस्तुहरु निर्माण तथा विक्री समुह तथा सहकारीलाई नगर प्रमुख कृषि प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।
११. दुध विक्रि गर्न किसानहरुलाई प्रति लिटरका दरले लिटरमा अनुदानको व्यवस्था गरिनेछ ।

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

१२.मुसिकोट नगरपालिकालाई प्राङ्गरिक कृषि उत्पादनमा प्रवर्द्धन, भकारो सुधार, जैविक मल प्रयोग, करार खेती, सहकारीखेतीलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। साथै बजार क्षेत्रमा प्राङ्गारिक उत्पादनहरु पाइने पसलहरु सञ्चालन गर्न स्थानीय समुदाय वा सहकारीलाई सहयोग गरिनेछ ।

१३ कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायिक र मर्यादित पेशाको रुपमा अगाडि वढाउन विमाको कार्यक्रम संचालन गरिने छ ।

१४.खेतीयोग्य जमिनमा खेती नगरेर बांझो वनाई राख्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।

१५.एक घर एक करेसावारी वनाउन प्रोत्साहीत गरिनेछ ।

१६."पशुपंक्षीको नश्ल सुधार, उत्पादकत्व वृद्धिको आधार" भएकोले कृतिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी संचालन गरिनेछ ।

१७.कृषि पकेट क्षेत्र निर्धारण गरी उत्पादन तथा उत्पादकत्व वढाउन कृषि सामग्री, सीप, पूँजि र प्रविधिको प्रयोगलाई व्यापक वनाइनेछ ।

१८.कृषि उत्पादनलाई भण्डारण गर्नको लागि आधुनीक शीत भण्डारण स्थापनामा सार्वजनीक निजी साझेदारीको मोडेल अवलम्वन गरिनेछ ।

१९.उत्पादनमा ह्रास आउन नदिन र माटो अनुसार खेती गर्नको लागि माटो परिक्षण कार्य सञ्चालन गरिनेछ ।

२०.कृषिमा आधारीत उद्योगहरुलाई प्रोत्साहीत गरिनेछ ।

२१.नगरपालिकालाई मासु र दुधमा २ वर्ष भित्रमा आयात प्रतिस्थापन गरी आत्मनिर्भर बनाइनेछ ।

२२.यस नगरपालिकाको वडा नं.४ सोलावाङमा रहेको दुग्ध संकलन केन्द्र प्रवर्द्धन र विकासको कार्यक्रम तय गरिनेछ ।

२३.व्यवसायीक पशुपालनको लागि विभिन्न प्रजातीका घांसका विरुवा किसानहरुलाई वितरण गर्नको साथै व्यवसायिक घांस खेतीको लागि कार्यक्रम वनाइनेछ ।

२४.वातावरणमा सुधार ल्याउन र गुणस्तरीय पशु आहारा उपलव्ध गराउन चरण विकासका साथसाथै एक व्यक्ति पांच डालेघांसको विरुवा रोपन कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

२५.पशुपंक्षीमा देखा पर्ने आकश्मीक रोग, पशुवाट मानिसमा सर्ने जुनोटिक रोगमा कमी ल्याउन जनचेतना मुलक कार्यक्रम, खोप सेवा कार्यक्रम, रोग निदान र उपचार सेवा कार्यक्रमलाई प्रभावकारी वनाइनेछ ।

२६.यस नगरपालिका भित्र संचालन भएका दाना पसल, औषधी, मासु पसल तथा व्यवसायिक फार्म र समुहलाई व्यवस्थीत गर्न नियमन गर्ने कार्यलाई प्रभावकारी वनाइनेछ ।

२७.गाई भैसी वाखा र वंगुर पालक किसानहरुको लागि किसानसंग नगर सरकार कार्यक्रम संचालन गरिनेछ ।

२८.खेतीयोग्य असिंञ्चित जमिनमा सिंचाई सुविधा पुऱ्याइनेछ ।

२९.कृषि शाखालाई प्रविधिमैत्री वनाइने छ ।

३०. नगर क्षेत्र भित्र कृषि विकास आयोजना तथा परियोजनाहरुसंग समन्वय गरी साझेदारीमा कार्यक्रमहरु सन्चालन गरिनेछ ।

३१. किसान संग कामि बुढा स्मृति कृषि परीयोजना मुसिकोट नगपालिका भित्र लागु गरीने छ ।

मुसिकोट नगरपालिका रूकुम (पश्चिम)

**पर्यटन**

३१.मुसिकोट नगरपालिका वडा नं.४ मा रहेको मुसी दरवार क्षेत्रमा थप जग्गा प्राप्तीको प्रक्रिया अगाडि वढाउने र सो जग्गा प्राप्तीको आधारमा विस्तृत परियोजना प्रतिवेदन तयार गरी सो क्षेत्रमा पदमार्ग, घेरावार, बाल उद्यान निर्माणको कार्य अगाडि वढाइने छ ।

३२.मुसिकोट नगरपालिका वडा नं. ४ अन्तर्गत रहेको सितलपोखरी तालको आवश्यकीय पूर्वाधार तयार गरी पर्यटकीय स्थलको रुपमा विकास गर्न बांकी रहेको कामलाई पुरा गरिनेछ ।

३३.वडा नं ११ को छोटेडाडा र लामाडाडाको वीचमा पर्ने देउता ओराल रहेको गुफा संरक्षणका लागि आवश्यक पूर्वाधार तयार गरी पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ ।

३४.चापां - पानाखोला - मसिनावाटा - गारापानी -डाडाखेत - लुगा लगाउने टाकुरी -लरा भिजाउने डिग्रे - ठूला वाभ्रु रुख -जन्ति ओलपेको लेखसम्म पैदल पर्यटकीय पदमार्ग निर्माण कार्य सन्चालन गरिनेछ ।

३५.पर्यटन प्रवर्द्धनको लागि महिलाहरुको नेतृत्वमा होमस्टे (घरवास) सन्चालन गरिन छ ।

३६.मुसिकोट नगरपालिकाले यस नगरपालिका क्षेत्रभित्र रहेका सबै प्रकारका पर्यटकियस्थलहरुको निर्माण गर्ने तथा संरक्षण गर्न प्राथमिकतासाथ पहल गर्नेछ ।

३७.यस नगरपालिका भित्र संचालन हुन सक्ने ठूला प्रकारका पर्यटन व्यवसायहरु जस्तै र्‍याफ्टिंग, प्याराग्लाईडिंग जस्ता पर्यटन व्यवसायहरुमा निजी सार्वजनीक साझेदारीमा लगानी नीति अवलम्बन गर्न अध्ययन गरिनेछ ।

३८.सांख मध्ये पहाडी लोक मार्ग देखी चक्चारी हुदै किडकीरेसम्म पर्यटन सडक निर्माण गरिनेछ

३९.देखीठूलीदह संरक्षण तथा पदमार्ग निर्माण कार्य प्राथमिकता साथ अगाडि वढाइनेछ ।

४०.नगरपालिका क्षेत्रमा पर्यटन व्यवसायको विकास तथा विस्तारको लागि स्थानीय कला तथा साँस्कृतीहरुको संरक्षण तथा विस्तार हुने कार्यक्रमहरु आयोजना तथा संचालन गरिनेछ ।

४१.पर्यटन व्यवसायलाई सहज तथा सुविधायुक्त बनाउनको लागि नगरपालिका क्षेत्रको पर्यटनसँग सम्बन्धित सुचना, संचार तथा प्रचार-प्रसार गरिनेछ ।

४२.मुसिकोट नगरपालिका वडा नं. ९ मा रहेको कुप्रेकोटडाडा र शहिद कामी वुढाको बुढा जन्म स्थान रहेको गाउँको आवश्यक प्रबर्द्धन र विकास गर्न पहल गरिनेछ ।

४३.डिग्रे शाईकुमारी मन्दिर, सल्ले सिद्ध गुफा, गोडा मर्चे ओडार, मुसिकोट भ्यु टावर, हन्जली गुफा, थुमाचौर भ्यूटावर, साँख दह, ठूली दह, बारीपोले शाईकुमारी मेला, पानेढुङ्गा गुफा, रातापहर भोटे गुफा, लुकभिर गुरिल्ला सुरुङमार्ग, चौखेढुङ्गा गुरिल्लावास स्थान, तिनबहिनी गणतन्त्र संचार भ्यूटावर, सानोभेरी नदिमा र्‍याप्टिङ, गुरिल्ला पदमार्ग, कृषि पर्यटन, शैक्षिक पर्यटन, जन्ती बस्ने डाँडा प्याराग्लाइडिङ, ठूलीमुल, सितल पोखरी, छापागैरा र सिद्ध गुफा आवश्यक प्रबर्द्धन र विकास गर्न पहल गरिनेछ ।

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

**उद्योग तथा वाणिज्य**

४४.मुसिकोट नगरपालिका ६ सुवाखोलामा उद्योग ग्रामको स्थापना  र सन्चालन गर्न सम्वन्धीत निकायमा पहल गरिनेछ  ।

४५.स्थानीय उत्पादनलाई प्रवर्द्धन तथा बजारीकरण गर्न कोशेली घरको निर्माण तथा सञ्चालन गरिनेछ ।

४६.स्थानीय श्रोत साधनमा आधारीत उद्यमशीलता कार्यक्रम गर्न प्रोत्साहन एवं सहजीकरण गरिनेछ ।

४७.मुसिकोट नगरपालिका वडा  नं. ६ को घोडा मर्चे ओडाल खारादह पर्यटन स्थल निर्माण गर्न

४८.नगरपालिकावाट सञ्चालित मासदाना उद्योगलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि प्रवर्द्धन तथा विकास कार्यक्रमहरु संचालन गरिनेछ ।

४९.मशाला उद्योग, लिटो उद्योग, दुग्ध उद्योग लगायतका उद्योगहरुको विकास तथा प्रवर्द्धन गरिनेछ ।

**सहकारी र वित्तिय**

५०.नगर गाउँगाउँमा सहकारी घरघरमा भकारी भन्ने नारालाई साकार पार्न कृषि सहकारी, श्रम सहकारी, वहु उद्देश्यीय सहकारी तथा ऋण तथा बचत सहकारी स्थापनाको लागि प्रोत्साहीत गरिनेछ ।

५१.नगरभित्र स्थापना भएका सहकारी संस्थाहरुको अवस्था विश्लेषण संस्थागत विकास, पूर्वाधार निर्माण र व्यवसायिक विकासमा जोड दिइनेछ ।

५२.कृषि उत्पादन र वजारिकरणमा सहकारीहरुलाई प्रोत्साहनको लागि विशेष अनुदानको व्यवस्था मिलाईनेछ ।

५३.विपन्न किसानहरुको लागि आय आर्जन वृद्धि गर्नको लागि  नगरपालिकामा नागरिक सहुलियत कर्जा कोषको स्थापना गरिनेछ ।

५४.सहकारी मार्फत कृषि फार्म तथा कृषि उद्योग संचालनमा प्राथमिकता दिईने छ ।

५५.सहकारी मार्फत लघु कर्जा लगानीको लागि वित्तिय संस्था तथा बैंकहरुमा समन्वय गर्ने नीति लिइने छ ।

५६.उत्पादन तथा श्रम सहकारी मार्फत श्रमिकहरुलाई एकिकृत गर्ने र श्रम र रोजगारीका कार्यक्रमहरु उक्त श्रम सहकारी तथा श्रमिक समुहहरु मार्फत संचालन गर्ने नीति लागु गरिनेछ ।

५७.गरीवी निवारण कोष तथा सामुदायिक विकास कोषवाट आय आर्जनका लागि रकम प्राप्त गरी घुम्तीकोष परिचालन गरिरहेका सामुदायिक संस्थाहरुलाई एक वडा एक सहकारी कार्यक्रममा आवद्ध गर्ने नीति लिइनेछ ।

५८.वित्तिय साक्षरता अभियान सञ्चालन गरी Zero Balance मा एक व्यक्ति एक बैंक खाता/वित्तिय संस्था सहकारी संस्थामा खाता सञ्चालन कार्यक्रम लागू गरिनेछ ।

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

५९.मुसिकोट नगरपालिका वडा नं. ९ र १० मा सञ्चालनमा रहेको नमुना शहकारी गाउँलाई व्यवस्थीत गर्न आवश्यक पहल गरिनेछ ।

**३.सामाजिक विकास :** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालबालिका, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्ति, दलित, द्वन्द्व पिडीत, आदवासी जनजाती)

**शिक्षा**

1. ६०. नपा स्तरमा संचालन भइरहेका विद्यालयहरुको भौगलिक अवस्थासेवा क्षेत्र र सम्भाव्यताको ¸पुर्वाधार ¸शिक्षक विद्यार्थी संख्या ¸ समायोजन र दरवन्दी मिलान कार्यलाई ¸आधारमा नक्सांकन अन्तिम रुप दिइनेछ ।
2. ६१. विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयको पहुच सुनिश्चित गर्न आगामी शैक्षिक सत्रमा विद्यार्थी भर्ना अभियानलाई सघन रुपमा संचालन गरी विद्यालय उमेर समुहका सबै बालबालिकालाई आधारभूत तहको शिक्षा सुनिश्चितता भएको नगर घोषणा गरिनेछ ।
3. ६२ . नपा स्तरमा सरोकारवालाहरुको वीचमा शैक्षिक सम्मेलन गरी शैक्षिक सुधारको अभियानलाई एकिकृत रुपमा संचालन गरिनेछ ।
4. ६३ . विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि अभिभावक शिक्षा संचालनको साथै अभिभावकको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।
5. ६४ . शिक्षाकर्मीहरुलाई उत्प्रेरित र प्रोत्साहित गर्नको लागि नगरपालिका स्तरमा कार्यरत शिक्षक कर्मचारी महासंघसंगको सहकार्यमा क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।
6. ६५ . स्थानीय पाठ्यक्रम निर्माण कार्यलाई अन्तिम रुप दिई आगामी शैक्षिक सत्रदेखि कार्यान्वयन गरिनेछ ।
7. ६६ . नगरपालिका स्तरमा भइरहेका शिक्षासम्बन्धी गतिविधिहरुलाई पारदर्शी र जवाफदेही बनाउनको लागि शिक्षाकर्मी जनप्रतिनिधि शिक्षक विद्यार्थीबीच नियमित अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
8. ६७ . पाठ्यक्रम पाठ्यपुस्तक र शैक्षिक योजनाको प्रभावकारी कार्यान्वन गरिनेछ ।

9. ६८ . शिक्षकको पेशागत दक्षता अभिबृद्धि गर्दै गुणस्तरमा सुधार ल्याउनका लागि पेशागत क्षमता बिकासमा जोड दिइनेछ । साथै यस्ता क्षमता विकास तालिम बालविकास केन्द्रका सहजकर्ताविद्यालय सहायक र ¸ सहयोगी कर्मचारीलाई समेत दिइनेछ ।

10. बालबिकास केन्द्रका सहजकर्ताविद्यालय सहयोगी र विद्यालय सहायकको मासिक तलब हाल न्युन भएकोले समयानुकुल रुपमा ¸ सेवा सुविधा बृद्धि गरिनेछ ।

11. हरित विद्यालय हरित वाताबरण कायम गर्नका लागि सबै सामुदायिक विद्यालयहरुमा विद्यालय बगैचा तथा करेसाबारी निर्माण कार्यलाई नमुनाको रुपमा थालनी गरिनेछ ।

12. ७१.विद्यालय स्तरको परीक्षा तथा मुल्याङ्कनलाई नपा स्तरमा स्तर कायम गर्नका लागि परीक्षा प्रणालीलाई एकरुपतामा संचालन ¸ ब्यबस्थापन तथा नतिजाप्रकाशन गर्ने ब्यबस्था मिलाइनेछ ।

13. ७२. शिक्षा क्षेत्रमा भएगरेका असल अभ्यासहरु तथा शैक्षिक/ ब्यबस्थापनसंग सम्बन्धित ज्ञानअनुभव आदान प्रदानको लागि / शैक्षिक भ्रमणको प्रबन्ध गरिनेछ ।

14. ७३.सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न उत्कृष्ठ नतिजा हासिल गर्ने विद्यार्थीउल्लेख योगदान पुर्याउने विद्यालयला ¸ र तहगत रुपमा विषयगत शिक्षकलाई प्रोत्साहित गरिनेछ ।

15. ७४.नगरपालिका स्तरमा अन्तर विद्यालय स्तरीय अतिरिक्त क्रियाकलापलाई नियमित र व्यवस्थित रुपमा संचालन गरिनेछ ।

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

16. ७५.विद्यालयको शैक्षिक भौतिक आर्थिक र शैक्षणिक ब्यबस्थापन लगायत समग्र पक्षको अबस्था अध्ययन गर्नका लागि विद्यालय सुपरीवेक्षण तथा अवलोकनलाई निरन्तरता दिइनेछ ।

17. ७६ सामुदायिक विद्यालयको शिक्षालाई पूर्णतः निः शुल्क गर्नका साथै कुनै पनि बहानामा शुल्क नलिने ब्यबस्था मिलाउन विद्यालयमा अति आवश्यक पर्ने शैक्षिक सामग्री व्यवस्थापन खर्चको लागि पहल गरिनेछ ।

18. सामुदायिक विद्यालयको पठनपाठनमा प्रविधिको प्रयोग बढाई सिकाइ उपलब्धी सुधारको लागि छोटा अवधिको तालिम , अभिमुखीकरण र पुर्वाधारको सुनिश्चितता गरिनेछ ।
19. प्रविधिको माध्यमबाट शिक्षण सिकाइमा सुधार गर्नको लागि आवश्यक पर्ने थप बजेटको व्यवस्था गरिनेछ ।
20. शिक्षा युवा तथा खेलकुद शाखालाई दैनिक सेवा प्रवाहका साथै विद्यालय शिक्षाको अभिलेख ब्यबस्थापनका लागि साधन स्रोत सम्पन्न गराइनेछ ।
21. नपा स्तरको शैक्षिक गतिविधि झल्काउने गरी शैक्षिक क्यालेन्डर शैक्षिक स्मारिका प्रकाशनलाई व्यवस्थित गरिनेछ ।
22. संस्थागत विद्यालयहरु बर्गीकरण गरी उक्त वर्गीकरणका आधारमा यस्ता विद्यालयहरुलाई सेवामुखी बनाउनका लागि अनुगमन तथा नियमन गरिनेछ ।

**स्वास्थ्य**

८२.मुसिकोट नगर क्षेत्र भित्रका नगरवासीहरुलाई सर्वशुलभ र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाप्रदानगर्न नीतिगत, कानुनी र संरचनागत सुधार गरिनेछ ।

८३.मुसिकोट नगरपालिका वडा नं. ६ मा संचालनमा रहेको प्रयोशालको भौतिक पूर्वाधार तथा आवश्यक जनशक्तिको व्यवस्था गरी प्रभावकारी रुपमा संचालन गरिनेछ ।

८४.स्वास्थ्यचौकी नभएका वडाहरुमा स्वास्थ्यचौकी स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

८५.स्थानीय जडीवुटीहरुको पहिचान, उत्पादन, संकलन र प्रशोधन गर्न प्रोत्साहीत गरिनेछ ।

८६.स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन र कार्यक्रमहरुमा हुने दोहरोपना कम गर्न स्वास्थ्य क्षेत्रमाकार्य गर्ने संघ संस्था तथा विकास साभ्केदार निकायहरुसंग समन्वय र सहकार्य गरिने छ ।

८७.स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन सबै स्वास्थ्य संस्थाहरुमा DHIS 2 कार्यक्रम लागु गरिने छ ।

८८.ययै आ.व देखि मुसिकोट नगरपालिका स्वास्थ्य शाखामा विधुतीय आपुर्ती ब्यवस्थापन सूचना प्रणाली (eLMIS) लागु गरिने छ । साथै स्वास्थ्य संस्था स्तरमा पनि कमश विस्तार गर्दै लगिने छ ।

८९.स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको क्षमता अभिबृद्धि गरिने छ ।

९०.स्वास्थ्य विमा कार्यक्रमलाई पूर्ण रुपमालागु गरिने छ साथै गरिव, असहाय, एकल महिला, द्वन्द पिढित घाईते अपाङ्ग तथा शहिद परिवारलाई विमा कार्यक्रममा समावेश गर्न विशेष ब्यवस्थागरिने छ

९१.जेष्ठ नागरिक सम्मान कार्यक्रम अर्न्तगत प्रत्येक वर्ष माघ महिनामा प्रत्येक वडामा निशुल्क स्वास्थ्य परिक्षण कार्यक्रम संचालन गरिने छ ।

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

९२.महामारी रोग तथा विपत ब्यवस्थापन कार्यक्रमको लागि विपत ब्यवस्थापन प्रतिकृया टोली (RRT) सकृय रुपमा परिचालन गरिने छ ।

९३.स्वास्थ्य सेवाको पहुँच र गुणस्तरीय सेवाको सुनिश्चिताको लागि अनुगमन तथा सुपरीवेक्षण कार्यक्रमलाई ब्यवस्थित र  प्रभावकारी बनाइने छ ।

९४.स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई क्षमता अभिबृद्धिका तालिमहरु संचालन गर्नुको साथै स्वास्थ्य स्वयं सेविकालाई प्रोत्साहित गर्न सेवा सुविधाहरुमा सामान्य हेरफेर गरिनेछ ।

९५.स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन प्रचलित मापदण्ड अनुसारको स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारको विकास गरिने छ ।

९६.स्वास्थ्यमा शुसासन अभिबृद्धि गर्न सामाजिक परिक्षण, गुनासो सुनाई, नागरिक वडापत्र आदि जस्ता कृयाकलापहरु संचालन गरिने छ ।

९७.पूर्ण खोप सुनिश्चिता तथा दिगोपनाकार्यक्रमलाई निरन्तरतादिइने छ ।

९८.जोखिममा रहेका गर्भवतीतथा सुत्केरी आमा, बच्चा र आकस्मिक दुर्घटनामा परेका ब्यक्तिहरुलाई  निशुल्कएम्वुलेन्स सेवा संचालनगरिने छ ।

९९.विद्यालय, स्वास्थ्य, आमा सूरक्षा र वालबालिका पोषण सुधार गर्न कार्यक्रम अगाडी बढाइने छ ।

१००.मुसिकोट नगर क्षेत्र भित्र रहेका बर्थिङसेन्टर नभएका स्वास्थ्य संस्था (चौखवाङ र छिवाङ) माबर्थिङ सेन्टर स्थापनागरिने छ ।

१०१.जिल्ला अस्पताल, जिल्ला स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटि, सुरक्षा निकाय तथा अन्य सरोकारवालासंग समन्वय एवं साझेदारी गरी नगर क्षेत्रभित्र बलट वैंक स्थापना गरिनेछ ।

१०२.आंखा उपचारलाई सहज र प्रभावकारी वनाउन सल्लेमा आखा अस्पतालको भवन निर्माण गरिनेछ

१०३.नगरका वडाका वस्तीहरुमा पूर्ण सरसफाइ कार्यक्रम संचालन गरिनेछ ।

१०४.नेपाली सेना र यस मुसिकोट नगरपालीकाको साझेदारी लगानीमा साधनचौरमा रहेको सेवा केन्द्रको जग्गामा ५ सैयाको सुविधायुक्त अस्पताल निर्माण कार्य गरिनेछ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

१०५.वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक, क्षेत्रीय आदी दृष्टिले पछाडी परेक तथा पारेका जाति, वर्ग  र क्षेत्रको सन्तुलित र समन्यायिक उत्थान । विकास गर्ने गरी लक्षित वर्गका कार्यक्रम सञ्चालन गरिनेछ ।

**महिला**

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

१०६.नगरपालिको टोल, वडास्तरमा महिला समुह, समिती र सहकारी संस्था स्थापना गरी महिलाहरुको सशक्तिकरण तथा आयआर्जनमा र वचत गर्ने संस्कृतिको विकास गरिने छ ।

१०७.लैंगिक हिंसा, घरेलु हिंसा सम्वन्धि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरी हिंसा बिरुद्धको कानुनलाई कडाइका साथ कार्यान्वयनमा जोड दिइनेछ ।

१०८.महिला समुह तथा सहकारीहरुलाई नेतृत्व विकास, लेखा व्यवस्थापन तथा प्रस्तावना लेखन सम्वन्धी तालिम संचालन गरिनेछ ।

१०९.महिलाको क्षमता अभिवृद्धिका लागि कानुनी सचेतनामुलक तथा सीप विकास सम्वन्धी कार्यक्रम संञ्चालन गरिने छ ।

११०.परिवारका सदस्यहरुको वीचमा सकारात्मक सोच सम्वन्धी तालिम संचालन गरिनेछ ।

१११.हिंसामा परेका महिलाहरुलाई आपत्कालिन उद्धारका लागी सेफ हाउस व्यवस्थापन गर्न आवश्यक सहयोग गरिनेछ ।

११२.महिलाहरुमा हुने वा हुन सक्ने स्वास्थ्य समस्याको जटिताका आधारमा क्रमशः स्वास्थ्य शिवीर सञ्चालन गरिनेछ ।

११३.महिलाहरुलाई स्वरोजगार र आत्मसम्मानित बनाउनका लागि महिलाहरुको नाममा दर्ता हुन आउने उद्योग व्यवसायमा छुट दिने र उद्योगवाट उत्पादित वस्तुको संकलन केन्द्रको स्थापना तथा वजारीकरण गर्न सहजीरकरण गरिनेछ ।

११४.एकल महिलाहरुको लागि जिवीकोपार्जन गर्न आवश्यक पहल सहजीकरण सशक्तिकरण गरिनेछ ।

११५.राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा मनाइने विभिन्न दिवसका कार्यक्रमहरुलाई प्राथमीकताका साथ मनाइने छ ।

११६.हिंसा पिडित महिलाहरुको लागि हेलो उपमेयर कार्यक्रम संचालन गरिनेछ ।

११७.विपन्न, दलित, एकल, द्वन्द्व पिडित र अपांगता भएका महिलाहरुको आय आर्जनका लागि घुम्ती कोष कार्यविधि स्थापना गरी परिचालन गरिनेछ ।

११८.महिला कार्यकारी प्रमुख तथा संचालक समितिमा ५० प्रतिशत सहभागिता भएका उद्योग तथा प्रतिष्ठानहरुलाई विशेष प्रोत्साहन गरिनेछ ।

**बालबालिका**

११९.अनाथ एवं संरक्षणविहिन बालबालिकालाई वैकल्पिक संरक्षणको लागि बाल संरक्षण निति बनाई उचित व्यवस्थापनमा पहल गरिनेछ ।

१२०.विद्यालय उमेर पुगेका शिक्षाको पहुँचमा पुग्न नसकेका सम्पुर्ण बालबालिकालाई शिक्षाको मुलधारमा ल्याइनेछ ।

१२१.समुदाय, विद्यालय, वडा र नगरपालिका स्तरीय बालक्लव गठन एवं क्रियासिल बनाई क्षमता अभिवृद्धिमुलक कार्यक्रम संचालन गरिनेछ ।

१२२.आपतकालिन बालउद्धार कोष संचालन गरिनेछ ।

१२३.बालविवाह, बालश्रम शोषण, बालदुर्व्यवहार र बालहिसां न्यूनिकरण गर्न सचेतना एवं कानुन प्रभावकारी कार्यान्यनमा जोड गरिन्छ ।

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

१२४.नगरपालिका भित्र रहेका माध्यमिक विद्यालयहरुका बालबालिकाहरुलाई शान्ति शुरक्षा, बाल विवाह र लागु औषध विरुद्धको सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१२५.नगरपालिका भित्र रहेका माध्यमिक तथा आधारभुत विद्यालयमा सहज रुपमा स्नेटरी प्याडलाई प्रयोगमा ल्याई किशोरी मैत्री बातावरण निर्माण गरिनेछ ।

१२६.बालमैत्री विद्यालय, वडा एवं नगरपालिका घोषणा प्रक्रियाका लागि सरोकारवालासँग समेत सहकार्य गरी घोषणा प्रक्रियामा जोड गरिनेछ ।

१२७.नगरपालिकाको उचित स्थान छनौट गरी बालउद्यान केन्द्र निर्माण गरिनेछ ।

१२८.नगरपालिका भित्र रहेका बालबालिकासँग सम्वन्धीत निकाय तथा निति निर्माण प्रक्रियामा अर्थपुर्ण बाल सहभागिता गराइनेछ ।

१२९.बालबालिकाका सम्वन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवशका कार्यक्रमहरु प्रभावकारी रुपमा मनाइनेछ ।

१३०.बालदुर्व्यवहार लगायत अन्य गतिविधीवाट बालबालिकामा पर्न सक्ने मनोसामाजिक प्रभाव कम गर्न विद्यालयका शिक्षक, शिक्षिका एवं बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई सोही सम्वन्धी तालिम गरिने निति लिइनेछ ।

१३१.बालबालिका सम्वन्धी ऐन २०७५ मा आधारित रही बालअधिकार संरक्षण एवं प्रवर्द्धनका लागि नगर बालअधिकार समिति गठन गरी क्रियाशिल बनाउन बालबालिका हेर्ने कर्मचारीको रुपमा बालकल्याण अधिकारीको व्यवस्था गरिनेछ ।

**जेष्ठ नागरीक**

१३२.समाजमा ज्येष्ठ नागरिकहरुलाई सम्मानपूर्वक जिउने वातावरण सिर्जना गरिनेछ ।

१३३.अति अशक्त लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता बैकिङ प्रक्रियाबाट अझ सहज र सुलभ रुपपा बितरण गर्ने ब्यबस्था गरिने छ ।

१३४.ज्येष्ठ नागरिकसँग भएको ज्ञान तथा अनुभवलाई अन्तरक्रिया तथा छलफल मार्फत पुस्ता हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१३५.नगर स्तरिय जेष्ठ नागरिकलाई सम्मान कार्यक्रम गरिने छ ।

१३६.नगर भित्रका जेष्ठ नगरिक पहिचान गरी परिचय पत्र वितरण गरिनेछ ।

**अपाङ्गता भएका व्यक्ति**

१३८.यस नगरपालिका भित्र भौतिक पुर्वाधार निर्माण गर्दा अपाङ्ग मैत्री बनाउन पहल गरिनेछ ।

१३९.नगरपालिकाभित्रका फरक क्षमता भएका व्यक्तिहरुको क्षमता विकासका लागि कार्यक्रम बनाइ लागु गरिने छ ।

१४०.अपांगता भएका व्यक्तिहरुको सहज जिवन यापनका लागी आवश्यकताका आधारमा सीपमुलक तालिम तथा सशक्तिकरण गर्ने नीति लिइनेछ ।

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

१४१.अपांगता भएका व्यक्तिहरुको दैनिक जीवनलाई सहजता ल्याउनको लागि वैशाखी, कृतिम हात तथा खुट्टा, हुयलचेयर लगायत आवश्यक पर्ने सहायता सामाग्रीहरु एकल तथा साझेदारी रुपमा वितरण गरिनेछ ।

१४२.द्वन्द्व पिडित घाइते अपाङ्ग शहिद परिवारका सदस्यहरुलाई मनोसामाजिक विमर्श, सीपमूलक तालिमका माध्यमवाट क्षमता अभिवृद्धि गरी स्वरोजगार हुने कार्यक्रमहरु संचालन गरिनेछ ।

१४३.द्वन्द्व पिडित, घाइते अपाङहरु उपचारको लागि आवश्यक सहयोग गर्ने व्यवस्था मिलाइनेछ ।

१४३.शहिदहरुको सम्झनामा स्तंभ, पार्क गेट निर्माण गरिनेछ ।

१४४.संक्रमणकालीन अवस्थाका द्वन्द्व पिडितहरुसंग शान्ति र सदभाव प्रवर्द्धन गर्ने कार्यक्रमहरु सन्चालन गरिनेछ ।

**दलित**

१४५.दलितसंग अन्तरजातीय विवाह गरी सहर्ष स्वीकार गरेका गैर दलितका परिवारका अभिभावक तथा  सदस्यहरुलाई स्वास्थ्य विमा सुविधा उपलव्ध गराइनेछ ।

१४६.परम्पारगत रुपमा चल्दै आएको बालीघरे विष्ट प्रथाको अन्त्य गर्दै मौलिक सीप कलाको आधुनिकीकरण तथा व्यवसायिककरण गर्ने कार्यक्रम संचालन गरिनेछ ।

१४७.समाजमा जातीय विभेद अन्त्य गर्न भुमिका खेल्ने अन्य जातिलाई सम्मान गरिनेछ ।

१४८.भुमिहिन तथा घरवार विहिन दलित परिवारका सदस्यहरुको संभाव्य स्थानहरुमा सुविधाजनक आवास कार्यक्रम संचालन गरिनेछ ।

१४९.दलित समुदायको सघन वस्ती भएका क्षेत्र वा प्राविधिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा संभाव्य देखिएका स्थानहरुमा समावेशी, जातीय सदभावयूक्त नमुना ग्रामीण तथा शहरी वस्ती स्थापना गरिनेछ ।

१५०.दलित समुदायलाई लक्षित गरी उल्लेख भएका संवैधानीक तथा कानूनी व्यवस्थाहरुलाई स्थानीय तहवाट ठोस नीति तथा कार्यक्रम वनाई कार्यान्वयन गरिनेछ ।

१५१.दलित समुदायमा सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक, व्यवसायिक, आर्थिक रुपान्तरणका लागि सचेतना एवं सशक्तिकरण अभियान सञ्चालन गरिनेछ ।

१५२.शिक्षा, स्वाथ्य, कृषि, पूर्वाधार निर्माण र कानूनी सहायता जस्ता विषयहरुलाई दलितमैत्री वनाई लागू गरिनेछ ।

१५३.समाजमा कला कौशलको धनी दलित समुदायको परम्परागत सिपलाई आधुनिकिकरण गर्दै उद्योगको रुपमा विकास गरिने नीति अवलम्वन गरिनेछ ।

१५४.माध्यमिक शिक्षा अध्ययन गरिरहेका अति विपन्न दलित वर्गका छात्र छात्रालाई नि:शुल्क शिक्षा प्रदान गर्ने नीति लिइनेछ ।

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

१५५.घरवास नभएका अति विपन्न वर्गलाई लक्षित आवास निर्माण कार्यक्रम सन्चालन गरिनेछ ।

१५६.नगरपालिकावाट प्रवाह गरिने छमता विकास तालिम, सीपमूलक तालिम, प्रविधि हस्तान्तरण तथा आय आर्जनका कार्यक्रमहरु लक्षित वर्गसम्म पुऱ्याउने कार्यको सुनिश्चित गर्न विपन्नता स्तरीकरण गरी सेवा सुविधा प्रदान गरिनेछ ।

**आदवासी जनजाती**

१५७.आदिवासी जनजातीहरुको भाषा संकृति र भेषभुषा संरक्षण कार्यक्रम संचालन गरिनेछ ।

१५८.आदिवासी जनजातीसँग सम्वन्धित पुरातात्विक बस्तु संग्रहालयलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

१५९.आदिवासी जनजातीहरुको सशक्तिकरण गर्दै लगिनेछ ।

१६०.सिमान्तकृत आदिवासी जनजातीहरुको नमुना बस्ती विकास, भाषालिपी, भेषभुषा संरक्षण गर्नका लागि अध्ययन गरिने छ ।

**गैर सरकारी संघ संस्था तर्फ :**

१६१.नगरपालिकामा संञ्चालित हुने गैरसरकारी संघ संस्थाले नगरपालिकामा सुचिकृत भएपछि मात्र साझेदारीमा कार्यक्रम सन्चालन तथा कार्यक्रमको लागि अनुमतिको व्यवस्था मिलाइने छ ।

**भौतिक पूर्वाधार विकास :** सडक तथा पुल, सिंचाई, भवन तथा शहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार र यातायात ।

१६२.मुसिकोट नगरपालिका वडा नम्बर २, भेरीखोला भन्ने स्थानमा बसपार्कका लागि डि.पि.आर.समेत भइसकेकोले यसै बर्ष बर्षपार्क निर्माणका लागि शहरी विकास तथा भवन निर्माण कार्यालयसँग सहकार्य गरि कर्णाली प्रदेश सरकार र संघीय सरकारसंग रकम विनियोजनको लागि आवश्यक पहल गरिनेछ ।

१६३.मुसिकोट नगरपालिका वडा नम्बर १, कालिका स्थानदेखि जिल्ला प्रशासन कार्यालयसम्मको भिरवारी सडकको डिलमा रेलिङ हाल्न आवश्यक पहल गरिनेछ ।

१६४.मुसिकोट नगरपालिकाका वडा नं. ४, ६, ७, ८ मा खानेपानीको एक घर एक धाराको अभियान अभियानको लागि आवश्यक पहल गरिनेछ ।

१६५.मुसिकोट नगरपालिका वडा नम्बर ७, साँख दह संरक्षण एबं व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ ।

१६६.मुसिकोट नगरपालिका वडा नम्बर १, खलंगामा रहेको वालमन्दिर जिर्ण भएकोले त्यसको मर्मत, सम्भार र शौचालय व्यबस्थापन गरी बाल स्यहार केन्द्र संचालन अवश्यक पहल गरिनेछ ।

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

१६७.मुसिकोट नगरपालिका वडाहरुमा स्वास्थ्य चौकीको भवन निर्माण आवश्यक जनशक्ति र औषधीको ब्यबस्थापन गर्न आवश्यक पहल गरिनेछ ।

१६८.नगर भित्र खरका छाना भएका घरपरिवारहरुको छाना परिवर्तन गरी जस्ता पाताको छाना राख्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१६९.मुग्लुखोला र भेरीको दोभान लगायतका अत्यावश्यकीय स्थानहरुमा शवदाह स्थल तथा सो सम्वन्धी अन्य पूर्वाधारहरु निर्माण गरिनेछ ।

१७०.विगत वर्षहरुदेखी हालसम्म नगरक्षेत्रको फोहरमैला व्यवस्थापन गर्दै आएको मुसिकोट नगरपालिका वडा नं. २ सतिपोले स्थित नगपालिकाको जग्गामा जग्गा दाताको मनोभावनालाई समेत उच्च सम्मान गर्दै प्राविधिक संभाव्यता, सामाजिक स्वीकार्यता तथा आवश्यकताका आधारमा बसपार्क/जीप पार्क निर्माण कार्य तत्काल अगाडी बढाइनेछ । साथै पानढुङ्गा रगशाला निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

**झो.पु.तर्फ :**

१७०.आ.व. २०७६/२०७७ को मंसिर महिना भित्र नगरपालिका भित्र आवश्यक पर्ने झो.पु.हरुको लामो सूची तयार गरि प्राथमिकिकरण गरिने छ ।

१७१.आ.व. २०७८/०७९ भित्र नगरपालिका भित्रका सबै खोलाहरुमा झोलुङ्गे पुल निर्माण गरि सकिने छ ।

१७२.कासुवाङ, घाट ट्रल वृज, बैरागी खोला ट्रल वृज, पानाखोला ट्रस विरिज, डाङडुगे भण्डारीकांडा, काइचेडोमाइ घाट, चारेखोला ट्रल झो.पु. निर्माण कार्य यसै आर्थिक वर्ष देखी सञ्चालन गरिनेछ ।

**सडक तर्फ**

१७३.ब्राह टाकुरा मैदानको समुचित संरक्षण र व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण गर्न पहल गरिनेछ ।

१७४.पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने वालुवा, गिटी र ढुगा जस्ता सामाग्रीहरु ओसार पसारको लागि आवश्यक पर्ने पहुँच सडक वाटाहरु निर्माण प्रक्रिया अगाडि वढाइनेछ ।

१७५.बढ्दो सवारी दुर्घटना न्यूनिकरण गर्न सडक सुशासन सम्वन्धी सचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१७६.आगामी २०७६/०७७ भित्र नगर यातायत गुरुयोजना अध्यावधिक गरिने छ ।

१७७.नगरपालिकाले शुरु गरेका र DPR तयार भएका सडक योजनाहरुको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गरिने छ ।

१७८वातावरणीय मैत्रि सडक निर्माणका लागि कुल लागात अनुमानको ५% रकम वायो इन्जिनियरिङ कार्यमा लगानी गरिने छ ।

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

१७९.सार्वजनिक जग्गा/सडक अतिक्रमण गरी घर टहराहरु निर्माण गर्दा एकातिर नगरका सौन्दर्य विग्रिने र अर्को तिर दुर्घटनाको जोखिम बढने भएकाले जग्गा च्यापी तयार गरिएका घर टहरा वर्कसपहरु समन्वयात्मक रुपमा वैठक वसी यथाशिघ्र हटाउने प्रक्रिया अगाडि वढाइनेछ ।

१८०.सडकहरुको मुख्य सत्रु भनेको जथाभावी वग्ने र बगाइने पानी हो । पानी व्यवस्थापन तथा सडकको नियमित मर्मत शंभारका लागि कम्तिमा वर्षातको ४ महिनाका लागि सडक संरक्षक नियूक्त गर्ने व्यवस्था मिलाइनेछ ।

१९९.सडक तथ्यांकलाई अध्यावधिक गर्न Road Inventry तयार गरिने छ ।

२००.सडक नपुगेका वडा कार्यालयहरु सम्म आगामी २०७६/०७७ भित्र कच्चि सडक पुरयाइने छ ।

२०१.निर्माण पश्चात सडकको मर्मत संभार र रेखदेख गर्न कम्तिमा ५% रकम मर्मत संभार कोषमा राख्ने नीतित लिइन्छ ।

२०२.गत विगतमा विभिन्न सरकारी तथा गैरसरकारी संस्था कार्यालयहरुमा निर्माण गरिएका विभिन्न सडकहरुको मर्मत संभार र स्तरन्नोति गर्ने निति लिइने छ ।

**खानेपानी तर्फ**

२०३.नगरपालिका भित्र आवश्यक खानेपानी योजनाहरुको लामो सुची तयार गरी पूर्व संभाव्यता अध्ययन गरिने छ ।

२०४.एक घर एक धाराको राष्ट्रिय अभियानलाइ लाई टेवा पुग्ने गरी मुसिकोट नगरपालिकाका हरेक घरहरुमा एक घर एक धाराको खानेपानी पुऱ्याउन यसै आर्थिक वर्षदेखी कार्यान्वयनमा ल्याइनेछ ।

२०५.मुसिकोट नगरपालिका ४ मा रहेको सोलावाङ र वजारको आसपासको वस्तीको लागि नमुना खानेपानी आयोजनाको लागि विस्तृत परियोजना प्रस्ताव (DPR) तयार गरी कार्यक्रम अगाडि वढाइनेछ ।

२०६.लिफ्टिङ खानेपानी आयोजनाहरु साझेदारीमा संचालन गरिनेछ ।

**सडक पुल**

२०७.मु.न.पा.भित्रका सडकहरु पास हुने खोलाहरुमा सडक पुल निर्माणका लागि आवश्यकता पहिचान गरी आगामी २०७६/०७७ भित्र पूर्व संभाव्यता अध्ययनको कार्यक्रमलाई प्राथमिकतामा राखी सिफारिस गरिनेछ ।

**साना सिंचाई**

२०८.आगामी २ वर्ष भित्र सिंचाइ गुरु योजना तयार गर्नका लागि विभिन्न सरकारी संघ संस्थाहरुसंग सहकार्य गरिनेछ ।

२०९.नहर सिंचाइको संभावनाना भएका वस्तीहरुका थोपा सिंचाई, पोखरी.सिचाई स्प्रिङ्कलर सिंचाई जस्ता माध्यम प्रयोग गरी सिंचाई गर्ने व्यवस्था लिइनेछ ।

मुसिकोट नगरपालिका रूकुम (पश्चिम)

२१०.जिल्ला स्तरका हाल संचालन भएका सिंचाइ कुलोहरुको सूची तयार गरी तिनीहरुको संरक्षण तथा निरन्तर संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

भवन तर्फ

२११.नगरपालिका सुन्दर, सुरक्षित तथा सफा बनाउन तथा भवन निर्माण कार्यलाई सुरक्षीत एवं प्राभावकारी बनाउनका लागि भवन निर्माण मापदण्ड आचार संहिता भवन ऐन/नियम कार्य विधिहरुलाई प्रभावकारी रुपमा लागु गरिने छ ।

विधुतिकरण तर्फ

२१२.विधुत सेवा नपुगेका मु.न.पा.का.विभिन्न वडा तथा वस्तीहरुका नेपाल विद्युत प्राधिकरण. रुकुमसंग समन्वय गरी यथाशीघ्र विद्युत सेवा विरतण गर्न पहल गरिनेछ ।

**५.वन वातावरण तथा विपद व्यवस्थापन:** वन तथा भुसंरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन, वारुणयन्त्र सञ्चालन ।

वन तथा भुसंरक्षण

२१३.सामुदायिक वन तथा समुदायको सहयोगमा एक वडा एक नर्सरी कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

२१४.जलवायु परिवर्तनलाई न्युनिकरण गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२१५.नगरपालिकाबाट सञ्चालन गरिने पूर्वाधार निर्माणका कार्यहरुलाई वातावरण संरक्षणसँग आवद्ध गरिनेछ ।

२१६.सामुदायिक, निजि वन, तथा अन्य वनहरुको नक्साङन गरिनेछ ।

२१७.वनलाई वातावरण संरक्षण सँगसँगै आयआर्जनसँग जोडेर सदुपयोग गर्ने नीति अवलम्वन गरिनेछ ।

२१८.नदि, खोल्सा किनाराको दुवै तर्फको २० मिटर भूमिमा रुख तथा बोटविरुवा कटानलाई निरुत्साहन गरिनेछ ।

२१९.खोला, नदिमा विद्युतिय करेन्ट र विषादी प्रयोग गरी माछा मार्ने कामलाई निरुत्साहित गरी अटेर गर्नेलाई दण्ड जरिवाना गर्ने नीति रहनेछ ।

२२०.एक रुख कटानी गरेवापत कटानी गर्ने गराउनेले कम्तिमा दुई विरुवा हुर्काउनुपर्ने नीति अवलम्वन गरिनेछ ।

२२१.तरकारी विउ उत्पादन र यस क्षेत्रमा रहेको जैविक विविधताको संरक्षण, विकास गर्न प्रकृति संरक्षण कोषको सहयोग र सहकार्यमा जैविक विविधता अनुसन्धान केन्द्र स्थापना तथा संचालनका लागी पहल गर्ने नीति लिइनेछ ।

२२२.वन क्षेत्रभित्र रहेका चिजवस्तु, विरुवा, जनावर सँग सम्वन्धित भएर अध्ययन अनुसन्धान गर्न चाहनेले पेश गर्ने प्रस्तावनालाई प्रकृति संरक्षण कोषको सिफारिसमा मात्र अनुमति प्रदान

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

गरिनेछ । कुनै पनि विदेशी नागरिकलाई नगरको अनुमति विना कुनै पनि कार्यका लागि वनक्षेत्रमा प्रवेश गर्न दिइनेछैन ।

२२३.वन तथा जडीवुटी संरक्षणको क्षेत्रमा महिलाहरुलाई नेतृत्वदायी भुमिका खेल्न प्रोत्साहित गरिनेछ ।

२२४.नगरवाट संचालन गरिने पूर्वाधार योजनाहरु संञ्चालन गर्दा जलवायू परिवर्तन उत्थानशिल योजनाहरु संचालन गरिनेछ ।

२२५.जलाधार संरक्षणका लागि आवश्यक कार्यक्रमको व्यवस्था मिलाइनेछ ।

**फोहरमैला व्यवस्थापन**

२२६.“फोहर जसले गर्छ उसले मुल्य तिनुपर्दछ” भन्ने नीतिलाई अवलम्वन गर्दै नगर क्षेत्रमा हुने फोहरमैलाई उचित व्यवस्थापन गरिनेछ ।

२२७.नगर क्षेत्रको फोहरलाई दीर्घकालीन रुपमा व्यवस्थापन गर्न संभावित ठाउहरुको खोजी गरी प्रारम्भिक वातावरणीय परिक्षण गराई उपयुक्त स्थलमा विस्तृत परियोजना प्रतिवेदन तयार गरी प्रक्रिय अगाडी वढाइनेछ ।

२२८.फोहरमैला नै उत्पादन नगर्ने, न्युन गर्ने, त्यसलाई पुनः प्रयोग कार्यलाई व्यवहारमा अवलम्वन गर्न सरोकारवालाहरुको सहयोग र सहभागितामा सीपमुलक, सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

२२९.फोहोरमैला उत्सर्जन स्थलमा नै कुहिने र नकुहिने फोहर छुट्याउने र कुहिने फोहोरलाई मल वनाई करेसावारीमा प्रयोग गर्ने गराउने र वजार क्षेत्रमा फोहोरको राम्रो व्यवस्थापन गर्ने व्यक्तिलाई पुरस्कृत गर्ने कार्य गरिनेछ ।

२३०.मुसिकोट नगरपालिका खुला दिशामुक्त क्षेत्र घोषणा भइसकेकोले सार्वजनिक स्थलहरुमा स्थानीय समुदायबाट व्यवस्थापन हुने गरी शौचालयहरु निर्माण तथा सञ्चालनको व्यवस्था मिलाइनेछ ।

**विपद व्यवस्थापन**

२३१.प्राकृतिक वा मानविय कुनैपनि कारणबाट हुन सक्ने सम्भाव्य विपदबाट वच्न बचाउन सरोकारवालाहरुको समन्वयमा सचेतना कार्यक्रम संचालन (CBRT समुदायमा आधारित सहयोग टोलि) टोलवस्ती स्तरमा निर्माण तथा परिचालन गरिनेछ ।

२३२.**न**गर स्तरिय विपद् व्यवस्थापन सम्बन्धी आकस्मिक राहत कोष खडा गरिने र उद्धार कार्यको लागि राहत सामाग्री र जनशक्ति व्यवस्था गरिनेछ ।

२३३.भु-क्षय तथा बाढी पहिरो नियन्त्रण सम्बन्धी आबश्यक कार्य अगाडी बढाइने छ ।

२३४.भुकम्प प्रतिरोधी घर निर्माण गर्ने कार्यलाई प्रोत्साहित गरिनुका साथै नगरपालिका भित्र भवन निर्माण संहितालाई कडाइका साथ लागु गरिने छ ।

२३५.नगरपालिकास्तरिय बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिने छ ।

मुसिकोट नगरपालिका रूकुम (पश्चिम)

२३६.सम्भाव्य विपदबाट हुने क्षति कम गर्न आवश्यक पर्ने न्युनतम यन्त्र, साधन तथा औजारहरुको उचित व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।

२३७.विपद व्यवस्थापनलाई 3C (समन्वय, सहयोग तथा नियन्त्रण ) का आधारमा संचालन गरिनेछ ।

२३८.नगरपालिका भित्र रहेका जोखिमयुक्त सवै ठाउहरुको अध्ययन गरी तटवन्द निर्माणको लागि कार्यक्रम तयार गरी सञ्चालन गरिनेछ ।

६.**सुशासन तथा संस्थागत विकास** : मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्यूनिकारण, विद्युतिय सूचना प्रविधिको प्रयोग ।

**मानव संसाधन विकास**

२३९.नगर तथा वडा कार्यालयमा रहेका कर्मचारी, टोल विकास संस्थाका पदाधिकारी, उपभोक्ता समितिका पदाधिकारी, श्रम सहकारी संस्थाका पदाधिकारी तथा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वेरोजगारको सूचीमा सूचिकृत व्यक्तिहरुको टोली नेतालाई समेत समावेश गरी वडागत रुपमा क्षमता विकास तालिम प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

२४०.नगरपालिकाको दक्ष, अर्धदक्ष तथा अदक्ष जनशक्तिको पहिचाहन गरी सोही अनुरुपको योजना तथा कार्यक्रमा स्थानीय तहको जनशक्तिको क्षमता विकास गरिनेछ ।

२४१.दिगो विकासका लक्ष्यहरु परिपूर्ति हुने गरी मानव विकासका सूचकहरुको वृद्धि गर्दै मानव पूंजिको विकास गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

२४२.उत्कृष्ठ कर्मचारी तथा जनप्रतिनीधिलाई कार्य प्रगति मुल्यांकनको आधारमा पुरस्कृत गरिनेछ ।

**संस्थागत क्षमता विकास**

२४३.नगरपालिका तथा वडा कार्यालयलाई नागरिक तथा सेवामैत्री कार्यालयको रुपमा विकास गरिनेछ ।

२४४.नगर तथा वडा कार्यालयहरुलाई प्रविधिमैत्री कार्यालयको रुपमा विकास गर्दै नगर तथा वडा कार्यालयलाई जनताको विश्वासिलो र भरपर्दो केन्द्रको रुपमा विकास गरिनेछ ।

२४५.नगरपालिकाको सम्पूर्ण विवरण HPS सिस्टम मार्फत संकलन गरिनेछ ।

२४६.वडा तथा नगरमा पञ्जीकरण तथ सिफारिसका लागि सप्टवयर खरीद गरी सञ्चालनमा ल्याइनेछ ।

२४७.सेवा प्रवाह गर्ने संस्था नगर कार्यपालिकाको कार्यालय र वडा समितिलाई सेवा प्रवाह गर्न न्युनतम आवश्यक पर्ने श्रोत र साधनको व्यवस्था गर्ने नीति अवलम्वन गरिनेछ ।

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

२४८नगर कार्यपालिका तथा वडा कार्यालयहरुको कार्यप्रकृति र कार्यबोझका आधारमा सकेसम्म थोरै भन्दा थोरै जनशक्तिबाट सेवा प्रवाह गर्ने नीति अवलम्वन गर्दै संगठनात्मक संरचनाको ढाँचा तयार गरी लागु गरिनेछ ।

२४९.नगरपालिकाबाट उपलब्ध गराइने सवै सेवा सकेसम्म वडा कार्यालयबाट उपलब्ध गराइनेछ ।

२५०.सवै वडा कार्यालयहरुलाई नगर कार्यपालिकाको कार्यसञ्जालसँग एकीकृत गरिनेछ ।

२५१.आफ्नो भवन नभएका वडा कार्यालयहरको भवन निर्माणका लागी वडा समितिले जग्गा उपलब्ध गराएमा क्रमश: वडा कार्यालय भवनहरु निर्माण गर्दै लैजाने नीति अवलम्वन गरिनेछ ।

२५२.नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई कार्य सम्पादन गरेको कामको आधारमा पुरस्कृत र दण्डित गर्ने नीति अवलम्वन गरिनेछ ।

२५३.आम जनता र सेवाग्राहीको माग र गुनासालाई उचित सम्वोधन गरिनेछ ।

२५४.छिटो छरितो सेवा प्रवाहका लागी सुचना प्रविधिको अधिकतम उपयोग गरिनेछ ।

२५५.नगरपालिकालाई आवश्यक पर्ने ऐन नियम, कार्यविधि तथा निर्देशिकाहरु संघीय कानून तथा प्रादेशिक कानून सँग नवाझिने गरी निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

२५६.सेवा प्रदायक संस्था, नगर कार्यपालिका, वडा समितिको कार्यालय, विषयगत इकाइका कार्यालयको काम कारवाहीमा पारदर्शिता र जवाफदेहीता अभिवृद्धि गर्न निरन्तर अनुगमन सुपरिवेक्षण गर्ने नीति अवलम्वन गरिनेछ ।

२५७.नगरपालिकामा कर्मचारी र जनप्रनीतिधीहरुो आचारसंहिताको काडाएका साथ कार्यान्वयनमा गरिनेछ ।

२५८.नगरपालिकाका जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकासका लागि अध्ययन अवलोकन भ्रमण तथा तालिम प्रशिक्षणको संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

२५९. नगरपालिकाका कर्मचारीहरुलाई सूचना प्रविधि सम्बन्धी समय सपेक्षरुमा क्षमता विकासका तालिमहरु प्रदान गरीने ।

**राजश्व परिचालन**

२५९.राजश्व परिचालन संग सम्वद्ध जनप्रतिनीधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने तालिम सञ्चालन गरिनेछ ।

२६०.राजश्वका दर र दयरालाई वैज्ञानीक र भरपर्दो वनाई वास्तविक राजश्वका स्रोतहरुको पहिचान गर्ने कार्यका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

२६१.राजश्व संकलन देखी प्रतिवेदन गर्नेसम्मको कार्यलाई व्यवस्थीत गर्न राजश्व सम्वन्धी सफटवयर खरीद गरी प्रयोगमा ल्याइनेछ ।

२६२.करदाहरुको व्यवसाय संचालनको क्रममा भैपरि आउने समस्याहरुलाई सम्वोधन गर्न करदाता सहयता कोषक यसै आर्थिक वर्ष देखी स्थापना गरिनेछ ।

२६३.राजश्व संकलनमा उत्कृष्ट कर्मचारी  र वडालाई पुरस्कृत गरिनेछ ।

**वित्तिय व्यवस्थापन**

२६४.नगरपालिका भित्र वित्तिय साक्षरता कार्यक्रम संचालन गरिनेछ ।

२६५.नगरपालिका भित्र रहेका आर्थिक कारोवार गर्ने वैंक, वित्तिय संस्था तथा समुहहरुको सहकार्यमा वित्तिय व्यवस्थापन सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

२६६.वडा तथा नगरपालिकासंग योजना सम्झौता गर्दा सम्वन्धित उपभोक्ता समिति, टोल विकास संस्था तथा श्रम सहकारीहरुले आफ्नो दायित्वको सम्पूर्ण सम्पत्ति कर तथा श्रम सहकारीहरुले आफ्नो दायित्व को सम्पूर्ण सम्पत्ति कर, घर वहाल कर तथा अन्य कानून बमोजिम तोकिएको सेवा शुल्क दस्तुर तिर्न प्रोत्साहित गरिनेछ ।

२६७.स्थानिय तहको घोषणा सँगसँगै स्थानीय सरकारको रुपमा स्थापित नगरपालिकाले नेपालको संविधानको अनुसूची ८ मा रहेको एकल अधिकारको सूचि र अनुसूचि ९ मा रहेको साझा अधिकारको सूचिमा उल्लेखित वित्तिय श्रोत संकलनका क्षेत्रहरुको दायरा फारकिलो गरी बढिभन्दा बढी करदाताहरुलाई समेटी कानून वमोजिम कर, राजश्व सेवा शुल्क, दस्तुर र दण्डजरिवाना संकलन गरिनेछ ।

२६८.वित्तिय श्रोत संकलन तथा अभिवृद्धि गर्न सार्वजनिक नीजि साझेदारी नीति अनुरुप सहकार्यलाई विभिन्न कार्यक्रमका माध्यमबाट सघन रुपमा लैजाने नीति अवलम्वन गरिनेछ ।

२६९.नगरपालिकाले उपलब्ध गराउने सबै सेवालाई शुल्कसँग आवद्ध गरिनेछ ।

२७०नियमित रुपमा सबैभन्दा बढि कर बुझाउने करदातलाई वार्षिक रुपमा सम्मान गरिनेछ ।

२७१.प्रत्येक व्यक्ति वा संस्थाले नगरपालिकालाई बुझाउनु पर्ने सबै प्रकारका करहरुलाई एक अर्कासँग आवद्ध गरी सेवा प्रवाहसँग आवद्ध गरिनेछ ।

**वित्तिय जोखिम न्यूनिकारण**

२७२.नगर तथा वडा स्तरमा हुने सार्वजनीक  खर्चको सार्वजनिकरण गर्ने, सार्वजनिक लेखापरिक्षण, सार्वजनिक सुनुवाई तथा गुनासो सुन्ने संयन्त्रको विकास गर्दै सोको प्रभावकारीता वढाउने गरी कार्यक्रम संचालन गर्ने जसको लागि हेलो मेयरको कार्यक्रम र टोल फ्रि नम्वर संचालन गरिनेछ ।

२७३.बढदै गरेको वेरुजुको अवस्थालाई ध्यायन दिदै सवै शाखालाई जिम्मेवार वनाउदै स्पष्ट कार्यविवरण सहित जिम्मेवारी तोकिनेछ ।

२७४.सार्वजनीक खरीद प्रणालीलाई व्यवस्थीत गर्न संलग्न कर्मचारी तथा जनप्रनीधिहरुलाई तालिम प्रदान गरिनेछ ।

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

२७५.सार्वजनीक स्रोत साधन र सम्पत्तिको सदुपयोगमा टेवा पुग्ने गरी तथा सूचनाको हक सम्वन्धी कार्यलाई प्रवर्द्धन गर्न कर्मचारी तथा जनप्रतिनीधिहरुलाई संयुक्त रुपमा तालिम तथा प्रशिक्षण प्रदान गरिनेछ ।

२७६.हालसम्मको जिन्सी तथा जग्गाको सम्पत्तिको एकिकृत अभिलेख तयार गरिनेछ ।

२७७.योजना अनुगमन प्रणालीलाई व्यवस्थीत गर्न आवश्यक सफ्टवयरको खरीद गरिनेछ ।

२७७.तलव खर्च लेख्ने कार्यमा झन्झटीलो हुने  तथा ग्रेड, तलव वृद्धी महिना छुट हुने भएको हुंदा तलवी सफटवयर खरीद गरी व्यवस्थीत वनाइनेछ ।

**विद्युतिय सूचना प्रविधिको प्रयोग**

२७८.बढदो सूचना प्रविधिको विकासलाई प्रयोग गर्दै नगरलाई सूचना प्रविधिमैत्री नगर निर्माणका लागि (GIS) मा आधारीत डिजिटर प्रोफाईल, डिजिटल वोर्ड, डिजीटल नागरिक वडापत्र, गर्भवती तथा सुत्केरी आमाहरुको डिजिटल रकर्ड, कार्यपालिकाका सदस्यहरुलाई नगर गतिविधि सहितको मोवाइल एप्स, संवेदनशिल सार्वजनीक क्षेत्रमा सिसिटिभी जडान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

२७९.मोवाइल प्रविधि मार्फत नगर तथा वडाले प्रवाह गर्ने सेवाको जानकारी नगरवासीले प्राप्त गर्ने गरी मोवाइल एप्सलाई सेवाग्राहीको माग अनुसार थप परीमार्जन गरिनेछ ।

२८०.न्यायिक कार्यलाई व्यवस्थित गर्न र योजना अनुगनलाई प्रभावकारी वनाउन हेलो उपमेयर कार्यक्रम सञ्चालन गर्नुको साथै न्यायिक कार्यमा संलग्न रहने नगर तथा वडा स्तरका जनप्रतिनीधि तथा कर्मचारीलाई तालिम सञ्चालन गरिनेछ ।

२८१.वडा कार्यालयमा लेन्डलाइन टेलिफोन जडान तथा नगरपालिकाको इन्ट्रानेट जडान कार्यका लागि आवश्यक पहल गरिनेछ ।

२८२.नगर क्षेत्र भित्रका मुख्य वजार केन्द्रहरुमा लेन्डलाइन टेलिफोनको सेवा विस्तार गर्दै लगिनेछ ।

२८३. सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोग गर्दै सम्पुर्ण वडाहरुबाट व्यक्तिगत घटना दर्ता तथा वडाबाट सम्पादन हुने कार्यहरु अनलाईन प्रणाली द्धारा गरीने छ ।

२८४.नगरपालिकाको कार्यसम्पादनमा सहजता ल्याउने नेपाल सरकारका तथा सफ्टवेयर कम्पनीका विभिन्न सफ्टवेयर खरिद गरी प्रयोगमा ल्याईने छ ।

अव म माथि उल्लिखित नीति तथा कार्यक्रमहरुको कार्यन्वयनको लागि वस्ती स्तरको योजना तर्जुमा, वडा स्तरको योजना तर्जुमा विषयगत समितिको बैठकमा छलफल भई आगामी आर्थिक वर्ष २०७६/७७ को प्रस्तावित संक्षिप्त बजेट अनुमान यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

आगामी आ.व.को लागि मुसिकोट नगरपालिकाको आय तर्फ **वित्तीय समानिकरण अनुदान** ११ करोड ९१ लाख, **राजश्व बाँडफाँड संघ** ९ करोड १६ लाख, **वित्तीय समानिकरण अनुदान** प्रदेश १ करोड २ लाख ७७ हजार, **राजश्व बाँडफाँड प्रदेश** १० लाख १९ हजार, **सशर्त अनुदान संघ** २१ करोड ८३ लाख, **आन्तरीक आय** २ करोड २५ लाख, **विषेश अनुदान** ५ करोड, **समपुरक अनुदान** १० करोड, चालु बर्षको मौज्दात एकिन भए पश्चात विनियोजन गर्ने गरी जम्मा कुल बजेट रु **६१ करोड २७ लाख ९६ हजार** प्रस्ताव गरीएको छ। कार्यक्रम तथा बजेटको विस्तृत विवरण बजेट वक्तव्य मार्फत जानकारी गराईने छ।

नगर सभाका सदस्यहरु ज्यू,
नीति तथा कार्यक्रम तर्जुमा गर्न तपाईहरुको साथ सहयोग र सुझावका लागि हार्दिक आभार व्यक्त गर्दछु। नगरको विकास र समृद्धीमा निरन्तर सद्भाब र सहयोग पुऱ्याउने राजनीतिक दल, विषयगत कार्यालय, सुरक्षा निकाय, निजी क्षेत्रका उद्यमी व्यापारी, प्राज्ञिक क्षेत्र, विकासका साझेदार गैरसरकारी संस्थाप्रति हार्दिक आभार प्रकट गर्दछु। साथै हाम्रो नगरका सूचनाहरु आम जनतासम्म पुऱ्याउन सहयोग गर्ने सबै संचारकर्मीहरुलाई धन्यवाद छ। त्यसैगरी मुसिकोट नगरपालिकाको दैनिक कार्य सञ्चालनमा आफ्नो ज्ञान, सीप र सेवाभाव लगाइरहनु भएका सम्पुर्ण कर्मचारी मित्रहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु। संघ र प्रदेश सरकारले विकास र नीतिगत तहमा सहकार्य गर्दै आएको कर्णाली प्रदेश सरकार र संघीय सरकारलाई धन्यवाद दिन चाहन्छु। यस नीति तथा कार्यक्रमा भएका कमिकम्जोरीहरुलाई औंल्याइ सकारात्मक राय सुझावको अपेक्षा सहित नीतिको सफल कार्यान्वयनमा सबैको खुल्ला हृदयकासाथ सहयोगको अपेक्षा गर्दै विदा हुन्छु।

**धन्यवाद !**

मिति २०७६/०३/१०

देवीलाल गौतम
नगर प्रमुख

मुसिकोट नगरपालिका रुकुम (पश्चिम)